नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं पौष १५ गते २०१९ साल [संख्या १९

भाग १

नेपालको राष्ट्रिय दिवस

यस देशमा गत १८ फरवरी १९५१ का दिन प्रथम प्रजातान्त्रिक शासन खडा भएकोले प्रजातान्त्रिकता-प्रिय श्री ५ महाराजाधिराजबाट त्यस दिनलाई तल लेखिएको घोषणाद्वारा "राष्ट्रिय दिवस" घोषित गरिबक्सेको छः—

"श्री ५ महाराजाधिराजको इच्छाबमोजिम अबउप्रान्त हरसाल फरवरी महिनाको १८ तारीख, नेपालमा प्रजातान्त्रिक सरकार पहिलो पटक खडा भएको दिन, हाम्रो देशको राष्ट्रिय दिवस मनाउने निर्णय भएकोले सर्व-साधारणलाई सो दिनमा यथोचित उत्सव मनाउनलाई यो सूचना प्रकाशित गरिएको छ।"

उपरोक्त घोषणानुसार प्रतिवर्ष १८ फरवरीको दिन यस देशको लागि राष्ट्रिय उत्सवको दिन हुनेछ। यसपालि आउने फाल्गुन ७ गते ४, तदनुसार १८ फरवरी १९५३ का दिन पनि त्यही राष्ट्रिय दिवस आउन लागेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो दिनमा उत्सव मनाउन नेपाल सरकारका गैरह निजामती जागीरदार-हरूलाई बिदा छोडिदिने गरी श्री शाही परामर्शदाता जनरेल केसरशमशेरज्यूबाट भिमो पनि सदर भइसकेको छ। आः त्यस दिन नेपाल देशवासी प्रत्येक व्यक्तिले प्रसन्नता, श्रद्धा र उत्साहसाथ आमोद प्रमोदपूर्वक उत्सव मनाउनेछन्।

गृहविभागको विज्ञप्ति

गत मार्ग १८ गते २००६ मा भएको श्री ५ महाराजाधिराज तथा मौसूफका परामर्शदाताहरूको सम्मा केही सरकारी जागीरदारहरूले शाही परामर्शदाता श्रीकेसरशमशेरलाई नेपाल इकनमिक एसोसिएशन खोल्ने विषयमा दिएको सुझावमाथि विचार भयो। सो सम्मा उक्त किसिमको संस्था सरकारी जागीरदारहरूलाई खोल्न अनुमति नदिने निर्णय भएको छ।

सेक्रेटरी,
गृहविभाग.

पब्लिक सर्भिस कमिशनको सूचना नं. ८

डिपार्टमेण्ट अफ सेन्सस एण्ड स्टेटिस्टिक्समा वार्षिक रु. १४००। को एकजना नायब सुब्बा र वार्षिक रु. १६८। को एकजना नन्गजेटेड अफिसर चाहिएका छन्। चाहिने योग्यता— ना. बु. लाई आधुनिक अकाउन्टेन्सीसमेत जानेको, नन्-गजेटेड अफिसरलाई बी. ए.। उमेदवारहरूले २००६ साल फाल्गुन ७ गते ४ (१८ फरवरी १९५३) सम्मा आवेदन गर्नुपर्दछ। दरखास्तपत्र र विशेष विवरण तलको ठेगानामा प्राप्त हुनेछन्।

सेक्रेटरी,—पब्लिक सर्भिसकमिशन.

गोरखापत्र छापाखानाबाट प्रकाशित

१४६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।